उपकार लघुवित्त वित्तीय संस्था लि.

Upakar Laghubitta Bittiya Sanstha Ltd.

उपकार

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)

च.नं..४३३/२०८१/०८२ मिति २०८१/०९/०१

उपकार लघुवित्त वित्तीय संस्था लि. उपकार २०७५ केन्द्रिय कार्यालय, कोहलपुर (बाँके)

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यु एन आई शान्तीमार्ग
भद्रकाली ,काठमाण्डौ ।

विषय : साधारण सभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द रहने जानकारी सम्बन्धमा ।

महोदय ,

उपरोक्त सम्बन्धमा मिति २०८१ साल मंसिर २७ गते दिउसो ४ बजे बसेको यस संस्थाको संचालक समितिको ८७ औं बैठकबाट संस्थाको छैठौं साधारण सभा मिति २०८१ पौष २४ गते बुधवारका दिन होटल सेन्ट्रल प्लाजा कोहलपुरमा बिहान ११ : ०० बजे सम्पन्न गर्ने निर्णय भएको र उक्त साधारण सभामा तपशिल बमोजिमको प्रस्तावहरु रहेको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

क) सामान्य प्रस्तावहरु

१) आर्थिक वर्ष २०८०/८१ सन्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) आ.व.२०८०/०८१ लेखा परिक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०८१ अषाढ मशान्त सम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची हरु) समेत वित्तीय विवरण पारित गर्ने सम्वन्धमा ।

३) वैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८१।२०८२ को लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख)विशेष प्रस्तावहरु

१. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन -Due to diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्वन्धि समझदारी पत्रमा (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्वन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

भवदिय
शारदा कुमारी खत्री
प्रमुख कार्यकारी अधिकृत /कम्पनी सचिव

बोधार्थ:

१.श्री नेपाल राष्ट्र बैंक ,लघुवित्त संस्था सुपरिवेक्षण बिभाग ,वालुवाटार काठमाण्डौ ।
२.श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
३.श्री सिडीयस एण्ड क्यिरिङ्ग लि., पुतली सडक,काठमाण्डौ ।
४.श्री नेपाल एस बि आई मर्चेन्ट बैकिङ लि., हात्तिसार काठमाण्डौ ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय ,त्रिपुरेश्वर काठमाण्डौ ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर-११, बाँके फोन नं. ०८१-५४०७४४, ०८१-५४२०५३
Email: upakar.banke1@gmail.com
www.ulbsl.com.np

Scanned with CamScanner